# न्यूनतम आधारहरू

## नेपालका विपद् उत्थानशील समुदायहरू

प्राथमिकता - ४ : समुदायमा आधारित एकीकृत विपद् जोखिम न्यूनीकरण

प्राथमिकता - ४ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण परियोजना नेपाल जोखिम न्यूनीकरण समूहका पाँचवटा प्राथमिकताहरु मध्येको एक हो । यसले राष्ट्रिय लक्ष्य प्राप्तिका लागि साझा अवधारणा बनाउन समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा योगदान पुऱ्याइरहेका देशभरका धेरै संस्थाहरुबीच आमसहमति कायम गराउने लक्ष्य राखेको छ । यसले नेपालमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको कार्यलाई तिव्रता दिन बृहत् लगानीका लागि प्रोत्साहित गर्दछ । प्राथमिकता - ४ को लक्ष्य पाँच वर्षमा गाउँ विकास समितिस्तरमा एक हजार वटा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण परियोजनाहरु सञ्चालन गर्ने रहेको छ ।

परियोजनाका बारेमा अनलाइनबाट जान्नका लागिः www.nrrc.org.np/

तल उल्लेख गरिएका न्यूनतम विशेषताहरु नेपालमा विपद् उत्थानशील (सामना गर्नसक्ने) समुदायका लागि स्वीकृत सूचकहरु हुन् । यिनीहरुलाई प्राथमिकता - ४ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण परियोजनाहरुका आधारभूत तत्वका रुपमा समावेश गरिनुपर्दछ । यी बुँदाहरु नेपाल सरकार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, गैरसरकारी संस्थाहरु, संयुक्त राष्ट्रसंघ, दाताहरु र रेडक्रस/रेडक्रिसेन्ट अभियानको परामर्शमार्फत् तर्जुमा गरिएका हुन् । समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण परियोजनाहरुलाई सम्भव भएका अन्य थप सूचकहरु समावेश गर्न प्रोत्साहन गरिएको छ ।

१ गाउँ विकास समिति/वडा र समुदायस्तरमा संस्थागत आधार

२ विपद् जोखिम न्यूनीकरणको सूचनामा पहुँच

३ बहु-प्रकोप जोखिम तथा क्षमता विश्लेषण

४ समुदायको पूर्वतयारी/ प्रतिकार्य टोलीहरू

५ गाविस/नगरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन योजना

६ विपद् जोखिम न्यूनीकरण कोष

७ समुदायद्वारा व्यवस्थित विपद् जोखिम न्यूनीकरण स्रोतमा पहुँच

८ स्थानीय तहका जोखिम/सङ्कटासन्नता न्यूनीकरणका उपायहरू

९ समुदायमा आधारित पूर्वसूचना प्रणाली

# न्यूनतम आधारहरू

## नेपालका विपद् उत्थानशील समुदायहरू

प्राथमिकता - ४ : समुदायमा आधारित एकीकृत विपद् जोखिम न्यूनीकरण

### गाउँ विकास समिति/वडा र समुदायस्तरमा संस्थागत आधार

विपद् जोखिम न्यूनीकरणको कार्यान्वयन र दिगोपनाका लागि गाउँ विकास समिति/वडा र समुदाय तहमा कायर्मलूक सस्थांगत आधार तयार गर्ने । यसले संरक्षण, सामाजिक समावेशीकरण (लैङ्गिक समानतासमेत), समुदायको स्वामित्व र सहभागिताका मुद्दाहरूलाई सम्बोधन गर्दछ र विपद् जोखिम न्यूनीकरणका अभियानलाई अवलम्बन गर्दछ ।

१

### विपद् जोखिम न्यूनीकरणको सुचनामा पहुँच

विपद् जोखिम न्यूनीकरणको सूचनामा पहुँच दिलाउन स्थानीय, जिल्ला तथा राष्ट्रियस्तरका सरकारी निकायहरू, नागरिक समाज संस्थाहरू, निजी क्षेत्र तथा जोखिममा परेका समूहहरू एवं विद्यालय र अस्पतालहरू जस्ता प्रमुख निकायहरूमा संयोजना गर्ने तथा ती संयन्त्रहरूसँग सहकार्य गरेर सूचनामा पहुँच पुर्‍याउने ।

२

### बहु-प्रकोप जोखिम तथा क्षमता विश्लेषण

गाविस र समुदाय तहमा निरन्तर, व्यवस्थित, सहभागितामूलक र बहु-प्रकोप जोखिम तथा क्षमता विश्लेषण । यसले गाविस तथा समुदायस्थरमा विपद् जोखिम न्यूनीकरणको अनुगमन तथा मूल्याङ्कनलाई सहज बनाउँछ । साथै, यसले जिल्ला तथा राष्ट्रिय तहको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई आपसमा जोड्छ ।

३

### समुदायको पूर्वतयारी/प्रतिकार्य टोलीहरू

प्रकोपको पूर्वसूचना र सुरक्षित ठाउँमा सर्ने जानकारी दिन, सामान्य रूपमा प्रतिकार्य (खोजी तथा उद्धार) गर्न एवं आधारभूत प्राथमिक उपचार प्रदान गर्नसक्ने तालिम प्राप्त तथा स्रोत साधन सम्पन्न समुदायका टोलीहरू तयार गर्ने ।

४

### गाविस/नागरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन योजना

प्राथमिकता - ४ का सूचीकृत न्यूनतम आधारहरू पूरा गर्ने तथा नियमित रूपमा अद्यावधिक, कार्यान्वयन र परीक्षण गरिएको स्थानीयस्तरको योजना आवश्यक हुन्छ ।

५

### विपद् जोखिम न्यूनीकरण कोष

गाविस वा वडा तहमा अथवा समुदायिक स्रोत परिचालनका प्रयासहरू मार्फत प्राप्त हुने कोष । यस कोषमा विपद् जोखिम न्यूनीकरणका कार्यहरू सञ्चालन गर्न समुदायको पहुँच सहज हुन्छ ।

६

### समुदायद्वारा व्यवस्थित विपद् जोखिम न्यूनीकरण स्रोतमा पहुँच

विपद् जोखिम न्यूनीकरण अभियानका लागि गाविस/वडा तहमा समुदायले व्यवस्थापन गरेका मानवीय तथा भौतिक स्रोतहरूमा पहुँच हुनुपर्दछ ।

७

### स्थानीय तहका जोखिम/सङ्कटासन्नता न्यूनीकरणका उपायहरू

स्थानीय तहका जोखिम/सङ्कटासन्नता न्यूनीकरणका उपायहरूको पहिचान, प्राथमिकीकरण र प्रयोगका सम्बन्धमा गाविस/वडास्थरीय पहल हुनुपर्दछ ।

८

### समुदायमा आधारित पूर्वसूचना प्रणाली

गाविस/वडा, जिल्ला र राष्ट्रियस्तरका पूर्वसूचना प्रणालीहरूसँग आवद्ध समावेशी र समुदायमा आधारित पूर्वसूचना प्रणाली हुनुपर्दछ ।

९

थप जानकारीका लागि:
संयोजक, प्राथमिकता - ४
इमेल: flagship4@nrrc.org.np, अथवा वेबसाइट
www.nrrc.org.np

प्राथमिकता - ४ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण परियोजना नेपाल जोखिम न्यूनीकरण समूहका पाँचवटा प्राथमिकताहरु मध्येको एक हो । नेपाल जोखिम न्यूनीकरण समूह वा कुनै पनि प्राथमिकता क्षेत्रका बारेमा थप जानकारीका लागि हेर्नुहोस्, हाम्रो वेबसाइट: www.un.org.np/coordinationmechanism/nrrc

प्राथमिकता - ४ नेपाल सरकारको स्थानीय विकास मन्त्रालयसँगको सहकार्यमा रेडक्रस तथा रेडक्रिसेन्ट समाजको महासंघको अगुवाइमा सञ्चालनमा रहेको छ ।